# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
चौतारा, सिन्धुपाल्चोक

पत्र संख्याः २०७८/०७९
चलानी नम्बरः ५२४

बागमती प्रदेश, नेपाल

मिति : २०७८।१०।११

**विषय : माटो परिक्षण शिविर बारे सूचना ।**

चौतारा साँगाचोकगढी नगरपालिकाको दशौं नगर सभा २०७८ बाट स्विकृत नगर विकास योजनाको कृषि विकास शाखा तर्फ आ.व. ०७८ /७९ को स्विकृत कृषि विकास कार्यक्रम तर्फ माटो परिक्षण तथा कृषि चुन शुक्ष्म जैविक तत्व बितरण कार्यक्रम रहेको हुंदा यस नगरपालिका भित्रका माटो परिक्षण गराउन ईच्छुक कृषकहरुले माटोको नमुना र आफ्नो विवरण सहित मिति २०७८/१०/२९ गते भित्र नगर कृषि विकास शाखामा माटोको नमुना उपलब्ध गराई दिनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

..............................................
( फणिन्द्र प्रसाद पौडेल )
प्रमुख प्रशासकिय अधिकृत

http://chautaramun.gov.np/ch...aramun@gmail.com ०११-६२०४७ ...१३०११-६२००४७

# माटो नमुना लिने तरीका

- माटोको नमुना लिनु भन्दा पहिला जमिनको छनोट गर्नु पर्छ सके सम्म सबै जमिनको प्रतिनिधित्व गर्ने हुनु पर्छ ।
- माटो नमुना लिनको लागि आबश्यक सामाग्रिहरु , खुर्पि , अगर , कोदालो, बाल्टि,चक्कु, कपडा वा प्लाष्टिका थैलि ।

१ . माटोको नमुना लिनु भन्दा पहिला नमुना लिने औजारहरु सफा गर्नु पर्छ ।

२. माटो नमुना लिने जग्गालाई V वा W आकारमा रेखाङकन गरेर लिनु पदर्छ ।

३. पहिला नमुना लिने ठाउँको माथिल्लो भागमा भएको  झारपात तथा माथिल्लो भागको माटो हटाउने ।

४. भि V आकारको २५ से मि को अगर वा कोदालोको सहायताले खाडल खन्ने, आवश्यकता अनुसार तरकारीको तथा खाद्यान्न बालिको लागि २० देखि २५ से. मि तलको माटो लिनु पर्दछ , भने फलफुलको लागि १ मिटर मुनिको माटो लिनु पर्दछ । त्यहाँको माटो बाल्टिमा राख्दै जानु पर्छ ।

५.जमिनको आकार हेरी जमिनको सबै किसिमको माटो समेटिने गरी कम्तिमा पनि १० देखि १२ वटा उपनमुना लिनुपर्दछ ,माटोको उपनमुना लिई एउटा नमुना बनाउनु पर्दछ ।

६. माटोको नमुना लिदा माटोको रंगको आधारमा पनि माटोको नमुना फरक फरक नमुना हुनुपर्छ ।

७. यसरी नमुना लिएको माटोलाई डल्लाहरु फुटाउने , ढुङ्गा झारपात भए हटाउने राम्रो संग मिलाउने ।

८. त्यो मिलाएको माटो लाई सफा पेपर वा पत्रिकामा गोलो आकार गरेर फिजाउने र ४ भाग बनाउने र अगाडिको एक भाग र पछाडिको एक भाग हटाउने माटो १ के जि नपुगे सम्मा यो प्रकृया जारी राख्ने ।

९. त्यो एक केजि माटोलाई थैलो भित्र राखेर सेतो कागजमा , नाम, ठेगाना , नमुना नम्बर र नमुना लिएको मिति ,लगाएको बाली , उत्पादन , सिचाईको अबस्था , लेखेर त्यस भित्र राख्ने ।

१०. माटो नमुना लिन नसकिने अबस्थाहरु :- बाली लगाई राखेको अबस्थामा, जमिन हिलो भएमा, भर्खर मलखाद प्रयोग गरेको भएमा ।

११. तयार भएको माटो नमुनालाई जाच्नको लागि स्थानिय तहमा रहेको कृषि शाखा तथा अन्य माटो परीक्षण प्रयोगशालामा सम्पर्क राख्ने ।

- **माटो परीक्षण किन**

१.माटोमा बालिलाई आवश्यक हुने खाद्यतत्वको अबस्था थाहा पाउन ।

२. माटो नमुना परीक्षण नमुनाको आधारमा कुन बालिको लागि कति मल आवश्यक पर्छ भन्ने कुरा थाहा पाउनको लागि ।

३. माटो परीक्षणको आधारमा चाहिने मल ठिक मात्रामा प्रयोग हुने भएकोले अनाबश्यक मलको कटौति हुने भएकोले त्यसमा लाग्ने खर्च कम हुनुको साथै वातावरण प्रदुषण हुन बाट बचाउछ ।

४.समस्या युक्त माटोको समस्या पहिचान हुने भएकोले समस्या समधान गरी उत्पादन बढाउनमा टेवा पुर्याउछ । उदारणको लागि माटो अम्लियपना ( ph ) जाचे पछि माटोमा कृषि चुनको प्रयोग हो या होईन हो भने कति मात्रामा प्रयोग गर्ने हो भन्ने कुरा थाहा पाउन सकिन्छ ।

कृषि विकास शाखा
चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा ,सिन्धुपाल्चोक